

के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ फागुन १ गते सोमबार ❑ 13 Feb. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## चितवन-२ को उपनिर्वाचन बैशाख १० गते

रासस
काठमाडौं, २९ माघ

निर्वाचन आयोगको आज बसेको बैठकले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६८ बमोजिम आगामी २०८० साल वैशाख १० गते आइतबारका दिन चितवन जिल्ला निर्वाचन क्षेत्र नं २ मा रिक्त रहेको प्रतिनिधिसभा सदस्यको उपनिर्वाचन गर्ने गरी निर्वाचनको मिति तोक्ने निर्णय गरेको छ ।

चितवन जिल्ला निर्वाचन क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका रवि लामिछाने प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ बमोजिम अयोग्य भएको भनी सर्वोच्च अदालतबाट मिति २०७९/१०/१३ मा आदेश भई आएको र संघीय संसद्को च.नं ३२ मिति २०७९/१०/१९ को पत्रबाट लामिछानेको सो पद नेपालको संविधानको धारा ८९ को (ख) बमोजिम रिक्त भएको भनी आयोगमा जानकारी प्राप्त भएको थियो ।

नेपालको संविधानको धारा ८४ को उपधारा ७ मा प्रतिनिधिसभाको कार्यकाल छ महिनाभन्दा बढी बाँकी छँदै कुनै सदस्यको स्थान रिक्त भएमा त्यस्तो स्थान जुन निर्वाचन प्रणालीबाट पूर्ति भएको थियो सोही प्रक्रियाद्वारा पूर्ति गरिनेछ भन्ने व्यवस्था रहेको छ । साथै प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६८ ले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत निर्वाचित कुनै सदस्यको पद प्रतिनिधिसभाको अवधि छ महिनाभन्दा बढी कायम रहँदै कुनै कारणले रिक्त भएमा आयोगले तोकेको मितिमा त्यस्तो रिक्त सदस्यको पद उपनिर्वाचनद्वारा पूर्ति गरिने व्यवस्था भए बमोजिम आयोगले उपनिर्वाचनको मिति तोकेको हो । प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ बमोजिम आयोगले आज स्वीकृत गरेको उपनिर्वाचनसम्बन्धी निर्वाचन कार्यक्रमअनुसार भोलि २०७९ फागुन १ गतेदेखि २०७९ चैत १६ गतेसम्म मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन हुनेछ । त्यसैगरी उम्मेदवारको मनोनयन दर्ता २०७९ चैत २० गते, उम्मेदवारको विरोधमा उजुरी दिने चैत २१ गते, मनोनयनपत्र र उजुरीउपर जाँचबुझ गरी निर्णय दिने तथा उम्मेदवारको नामावली प्रकाशन गर्ने चैत २२ गते, उम्मेदवारको नाम फिर्ता र उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने कार्य चैत २३ गते हुनेछ ।

## सरकारी राजस्व वृद्धिदर पछिल्लो ५५ वर्षयताकै कमजोर

रासस
काठमाडौं, २९ माघ

सरकारले चालू आर्थिक वर्ष २०७९/८० का लागि राजस्व सङ्कलनमा राखेको लक्ष्यको वृद्धिदर साढे पाँच दशकयताकै न्यून देखिएको छ ।

चालू आर्थिक वर्षको बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्न आज अर्थ मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा बोल्नुहुँदै उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले राजस्व सङ्कलनमा राखेको वृद्धिदर आर्थिक वर्ष २०२४/२५ कै न्यून रहेको बताउनुभयो । "अहिले हामी स्रोत परिचालन र खर्च व्यवस्थापन दुवै दृष्टिकोणले अत्यन्तै ठूलो चापमा छौं । राजस्व सङ्कलनमा देखिएको यस्तो नकारात्मक वृद्धिदर आर्थिक वर्ष २०२४/२५ पछि पहिलोपटक हुन पुगेको छ । निर्ममतापूर्वक हाम्रासामु प्रस्तुत भएको यो वास्तविकतालाई हामीले स्वीकार गर्नुपर्ने अवस्था सिर्जना भएको छ", अर्थमन्त्री पौडेलले भन्नुभयो ।

चालू आर्थिक वर्षको पुस मसान्तसम्म सरकारले रु छ खर्ब ५१ अर्ब ६२ करोड बराबर राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको थियो । तर लक्ष्यको तुलनामा २४ दशमलव आठ प्रतिशतले कम अर्थात् रु चार खर्ब ९० अर्ब चार करोड बराबर मात्रै राजस्व सङ्कलन भएको छ । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालू आर्थिक वर्षको समीक्षा अवधिमा राजस्व सङ्कलन १५ प्रतिशतले घटेको छ । राजस्व सङ्कलन र बजेट खर्चमा चाप देखिएको मात्र नभई सरकारी सञ्चित कोष ऋणात्मक हुँदै जानु पनि चिन्ताको विषय रहेको अर्थमन्त्री पौडेलले बताउनुभयो । अर्धवार्षिक समीक्षामार्फत चालू आर्थिक वर्षका लागि बजेट खर्च, राजस्व वृद्धिदर, अन्तर्राष्ट्रिय सहायतालगायतका क्षेत्रमा सुरुको लक्ष्यमा संशोधन गरिएको छ ।

त्यस्तै चालू आर्थिक वर्षका लागि बजेटमार्फत राखिएको आठ प्रतिशतको आर्थिक वृद्धिदर हासिल हुन नसक्ने पनि अर्थमन्त्री पौडेलले स्वीकार्नुभयो । सरकारले चालू आर्थिक वर्ष २०७९/८० को बजेटको मध्यावधि समीक्षा गर्दै बजेटको आकार घटाएको छ । सरकारले बजेटको आकार रु दुई खर्ब ४४ अर्ब बराबरले घटाएको हो । चालू आर्थिक वर्षमा कूल सरकारी खर्च रु १७ खर्ब ९३ अर्ब ८३ करोड बराबर हुने सुरुआती अनुमान रहेकामा त्यसलाई घटाएर रु १५ खर्ब ४९ अर्ब ९९ करोड कायम गरिएको छ । बजेटको आधार १४ प्रतिशतले घटाइएको हो । चालू खर्चतर्फ रु ११ खर्ब ८३ अर्ब २३ करोड बराबर सुरुआती विनियोजन रहेको थियो । त्यसलाई घटाएर रु १० खर्ब २१ अर्ब ९२ करोडमा झारिएको छ । जुन सुरुआती विनियोजनको ८६ दशमलव ३७ प्रतिशत बराबर हो ।

त्यसैगरी पूँजीगत खर्चतर्फ रु तीन खर्ब ८० अर्ब ३८ करोड बराबर सुरुआती विनियोजन रहेकामा त्यसलाई घटाएर रु तीन खर्ब १३ अर्ब ८५ करोडमा झारिएको छ । जुन सुरुआती विनियोजनको ८२ दशमलव ५१ प्रतिशत बराबर हो । वित्तीय व्यवस्थातर्फ रु दुई खर्ब ३० अर्ब २१ करोड बराबर सुरुआती विनियोजन रहेकामा त्यसलाई घटाएर रु दुई खर्ब १४ अर्ब २१ करोडमा झारिएको छ । जुन सुरु विनियोजनको ९३ दशमलव ०५ प्रतिशत बराबर हो । त्यस्तै, बजेटको अर्धवार्षिक समीक्षामार्फत राजस्व असुलीको लक्ष्यमा पनि संशोधन गरिएको छ । सरकारले राजस्व लक्ष्य ११ दशमलव २९ प्रतिशतले बिन्दुले घटाएको हो । चालू आर्थिक वर्षका लागि रु १४ खर्ब तीन अर्ब १४ करोड बराबर राजस्व उठाउने सरकारको लक्ष्य रहेकामा त्यसलाई संशोधन गर्दै रु १२ खर्ब ४४ अर्ब ७५ करोड बराबर मात्रै राजस्व सङ्कलन हुने अनुमान गरिएको हो । जुन सुरुआती अनुमानको ८८ दशमलव ७१ प्रतिशत बराबर हो ।

## कृषि र पर्यटनको विकासका लागि मेला आयोजना गरिने

पोखरापत्र संवाददाता
पोखरा, २९ माघ

कास्कीको मादी गाउँपालिका-८ मा पर्ने नागिधार र पाखुरीकोट, वडा नं १० मा पर्ने भाचोक गाउँको सङ्गमस्थल सौंथर बैंसीमा कृषि र पर्यटनको विकासको लक्ष्यका साथ सोंथर बैंसी टारी बजार मेला आयोजना गरिने भएको छ ।

'सोंथर बैंसी तथा त्यस क्षेत्रको प्रवर्द्धन, कृषि र पर्यटन' भन्ने मूल नाराका साथ सोंथर बैंसी विकास समितिको आयोजनामा हुने मेला फागुन १ देखि ३ गतेसम्म चल्ने समितिका अध्यक्ष ओमप्रकाश गुरुङले जानकारी दिनुभयो ।

मेलास्थलको व्यवस्थापन, प्रचारप्रसार, अर्थ व्यवस्थापन लगायतका सम्पूर्ण तयारी पूरा भएको जानकारी दिँदै उहाँले उद्घाटन समारोहमा विभिन्न स्थानबाट सांस्कृतिक झाँकी प्रदर्शन गरिने बताउनुभयो । करिब पाँच हजार जनाले अवलोकन गर्ने अपेक्षा गरिएको मेलामा विशेषतः सोंथर बैंसीलगायत त्यस आसपासमा उत्पादित कृषिजन्य वस्तु तथा पशुचौपायहरूको प्रदर्शनी एवं बिक्री गरिनेछ । मेलामा खेलकुदतर्फ वडास्तरीय भलिबल प्रतियोगिता, खुल्ला छेलो/ठेलो प्रतियोगिता, रसी तान्ने प्रतियोगिता, सांस्कृतिकतर्फ खुल्ला सामूहिक नृत्य प्रतियोगिता, खुल्ला दोहोरी प्रतियोगिता, खुल्ला भजन प्रतियोगिता साथै स्थानीय युवा क्लबहरूको ठेटार नाच एवं चर्चित कलाकारहरूको प्रस्तुति रहने जनाइएको छ ।

भलिबल प्रतियोगितामा प्रथम र द्वितीय हुने समूहलाई क्रमशः नगद ४० हजार र ३० हजार नगदसहित मेडल र ट्रफी प्रदान गरिनेछ भने मादी गाउँपालिकाभित्रका विद्यालयमा कक्षा ६ देखि १० सम्म अध्ययनरत विद्यार्थीबीच सोंथर बैंसी विषयक वक्तृत्वकला प्रतियोगिता पनि गरिनेछ ।

मेलाकै अवसरमा नेपाल पर्यटन बोर्डसँग अन्तरक्रिया कार्यक्रमसमेत गरिने अध्यक्ष गुरुङले जानकारी दिनुभयो । आजभन्दा साढे तीन दशकअघि निकै प्रख्यात यस मेलाको मुख्य प्रायोजन मादी गाउँपालिका कार्यालयले गरेको छ । सोंथर बैंसीमा हाल फार्महाउस एवं केही घरबाससमेत सञ्चालनमा छन् । फार्महाउसमा बसेर नजिकै वार्दी खोलामा पौडी खेल्दै दुवाली थुनेर असला माछा मार्दै आनन्द लिन सकिन्छ । त्यस्तै नजिकै टारी खेतहरूमा गोठहरू पनि रहेकाले गोठमा खिर खाने जस्ता अनुभव लिनेसमेत व्यवस्था छ ।

## गौतम मृत अवस्थामा भेटिए

पोखरापत्र संवाददाता
पोखरा, २९ माघ

पोखराका व्यवसायी एवं सहकारीकर्मी बलराम गौतम विरगञ्जमा मृत अबस्थामा भेटिएका छन् ।

माघ २ गतदेखि सम्पर्कविहीन भएका गौतम शनिबार विहान विरगञ्जको बसपार्कको पार्कमा मृत अबस्थमा भेटिएको उनको आफन्तले जनाएका छन् । उनी मृत अबस्थामा भेटिए पनि के कारणले गर्दा मृत्यु भएको हो त्ससको अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ ।

## सोमबार सार्वजनिक बिदा

रासस
पोखरा, २९ माघ

सरकारले फागुन १ गते जनयुद्ध दिवसका रूपमा सार्वजनिक बिदा दिने निर्णय गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा आज बसेको मन्त्रिपरिषद्को बैठकले सो निर्णय गरेको हो । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को अध्यक्षतामा आइतबार बसेको मन्त्रिपरिषद् बैठकले नेपालको राजनीतिक परिवर्तनमा जनयुद्धले पुऱ्याएको योगदानको कदर गर्दै सार्वजनिक बिदा दिने घोषणा गरेको प्रधानमन्त्रीका प्रेस विज्ञ मनहरि तिमिल्सिनाले जानकारी दिनुभयो । विसं २०५२ फागुन १ गतेदेखि सुरू भएको जनयुद्ध २०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौतामा रूपान्तरण भएको थियो । त्यही जनयुद्धको जगमा नेपालमा राजनीतिक परिवर्तन सम्भव भएको थियो भने गणतन्त्र, सङ्घीय प्रणाली, समावेशी लोकतन्त्र, सामाजिक न्यायजस्ता उपलब्धि जनयुद्ध र जनआन्दोलनको बलमा नै स्थापित भएका थिए । जनयुद्धको नेतृत्वकर्ता पार्टी माओवादी केन्द्रले प्रत्येक वर्ष फागुन १ गतेलाई जनयुद्ध दिवसको रूपमा मनाउँदै आएको छ । परिवर्तनका पक्षमा भएका सबै आन्दोलन र क्रान्तिको सम्मानमा सरकारले सार्वजनिक बिदा दिने निर्णय लिएको हो । यसअघि पुस २७ लाई राष्ट्रिय एकता दिवसका रूपमा सरकारले सार्वजनिक बिदा दिएको थियो ।




# बिटी कपको उपाधिका लागि लामागाउँ र गन्नी एफसी भिड्ने

पोखरापत्र संवाददाता
पोखरा, २९ माघ

पोखरामा जारी १६ औं बिटी कप छैटौं विरेन स्मृति सेभेन ए साइड खुल्ला फुटबल प्रतियोगिताको उपाधिका लागि लामागाउँ एफसी र गन्नी एफसी भिड्ने भएको छ।

बुद्धटोल युवा क्लबद्वारा आयोजित सेभेन ए साइड फुटबल प्रतियोगिताको फाइनल खेल पोखरा १ पुरानो टुडिखेलमा भोली हुने दिउँसो १ बजे हुने खेल संयोजक विनोद गुरुङले जानकारी दिए। उनका अनुसार आइतबार भएको पहिलो समिफाइनल खेलबाट आयोजक बिटी ह्वाइटलाई १-० गोल अन्तरले पराजित गर्दै लामागाउँ एफसी फाइनल प्रवेश गरेको हो। लामागाउँको जितमा युनिक तामाङले निर्णायक गोल गरे। यस्तै अर्को सेमिफाइनल खेलमा एलजी एसोसियशलाई २-१ गोल अन्तरले हराउदै गन्नी एफसी फाइनलमा लामागाउँसँगको भेट पक्का गर्यो। गन्नीको जितमा लक्षु थापा मगर र सुनिल घोतानेले समान १/१ गोलको योगदान दिए भने हार व्यहोर्न बाध्य भएको एलजीको तर्फबाट आशिष गुरुङले सान्त्वना १ गोल फर्काएका थिए। प्रतियोगिताको विजेता टोलीले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित १ लाख ६१ हजार १ सय ५१ रुपैया प्राप्त गर्नेछ भने उपविजेताले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित १ लाख १ हजार १ सय ११ रुपैयाँ हात पार्नेछ। यस्तै विधागत तर्फपनि पुरस्कारको व्यवस्था गरिएको आयोजकले जनाएको छ।



# पूर्व अध्यक्ष गौतमको निधनमा बजार बन्द

पोखरापत्र संवाददाता
पोखरा, २९ माघ

बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका पुर्व अध्यक्ष बलराम गौतमको निधन भएकोमा एशोसियसनले आफ्नो मातहतका व्यवसायीक प्रतिष्ठानहरू माघ २९ गते पूर्ण रूपमा बन्द गरेर शोक मनाएको छ।

बुद्ध विशाल बजारमा आयोजना गरिएको शोकसभामा पूर्व अध्यक्ष गौतमको फोटोमा माल्यार्पण गर्दे एशोसियसनका अध्यक्ष केशव बहादुर खत्रीले आफुहरूले एउटा कुशल अभिभावक गुमाएको बताउदै यस दुःखद घडीमा स्वर्गीय बलराम गौतम प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दे परिवारजनमा धर्यधारणा गर्ने शक्ती भगवानले दिउन भन्दै स्वर्गीय गौतमको निधनमा बुद्ध विशाल बजार व्यापारिक एशोसियसनको आकस्मिक बैठक बसी एशोसियसनले आफ्नो मातहतका व्यवसायीक प्रतिष्ठानहरू माघ २९ गते पूर्ण रूपमा बन्द गर्ने, संस्थाको झन्डा आधा झुकाउने र तिन दिनसम्म संस्थाका कुनै पनि औपचारिका कार्यक्रम नगर्ने निर्णय गरेको बताए। एशोसियसनले स्वर्गिय गौतमको सम्झनामा एक मिनेट मौनधारणा समेत गरेको थियो।

बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका पुर्व अध्यक्ष बलराम गौतमको माघ २८ गते बिरगंजमा निधन भएको थियो भने उनको पार्थिव शरिरलाई आइतबार बिहान पोखरा ल्याई तुलसीघाटमा अन्तिम दाहसंस्कार गरिएको थियो। ५६ वर्षिय स्वर्गीय गौतमका श्रीमती र तिन छोरी रहेका थिए।



# चापाकोट महोत्सवमा सगरमाथा नैमती बाजा विजेता

पोखरापत्र संवाददाता
पोखरा, २९ माघ

चापाकोट देउराली सामुदायीक होमस्टे सांस्कृतीक महोत्सव २०७९ मा आयोजित नैमती बाजा प्रतियोगितामा सगरमाथा नैमती बाजा प्रथम भएको छ।

प्रथम भएको सगरमाथाले ३३ हजार ३ सय ३३ रुपैयाँ दोस्रो भएको सिन्धुली कला घरले २२ हजार २ सय २२ रुपैयाँ तेस्रो भएको चापाकोट नैमति बाजाले ११ हजार १ सय ११ रुपैयाँ सन्त्वना सेदि बगर पञ्चेबाजाले ५ हजार ५ सय ५५ रूपैयाँ प्राप्त गरे। खुल्ला भजन तर्फ पहिलो पञ्चासे भजन समूहले ३३ हजार ३ सय ३३ रुपैयाँ दोस्रो ओखलढुङ्गा भजन समूहले २२ हजार २ सय २२ रुपैयाँ तेस्रो घडेरी भजन समूहले ११ हजार १ सय ११ रुपैयाँ सन्तवना औसलु चौर भजन समुहले ५ हजार ५ सय ५५ रूपैयाँ जितेको छन्।

रत्यौली प्रतियोगितामा पहिलो शिवशक्ति आमा समूहले ३३ हजार ३ सय ३३ रुपैयाँ दोस्रो शहनसिल आमा समूह बाम्दीले २२ हजार २ सय २२ रुपैया तेस्रो सिद्व बराहा मावि शिक्षिका समूहले ११ हजार १ सय ११ रुपैयाँ सन्तवना लौरुक आमा समूह र लालिगुरास आमा समूहले प्रति आमा समूहले ५ हजार ५ सय ५५ रूपैयाँ जितेको छन्।

बाल नृत्य एकल र सामुहिक तर्फ पहिलो आरऐन सन्जेलको समूहले २ हजार ५ सय दोस्रो आयुस्मा सुनारले २ हजार तेस्रो सनराईजि बोढिङ् स्कुलले १ हजार ५ सय सन्तवना रश्मि परियार र मुस्कान गुरुङले प्रति समूह १ हजार पाएका छन्।

झाँकी तर्फ पहिलो हर्पन खोला तमु समाजले ५ हजार दोस्रो राम मन्दिर आमा समूहले ३ हजार तेस्रो मारकी टोल गुरुङ समूहले २ हजार र सन्तवना मैदान पोखरी आमा समूहले १ हजार रुपैयाँ जितेको छन्। चापाकोट पर्यटन प्रर्वद्धन समितिको आयोजनामा चापाकोट देउरालीमा माघ २४ गतेदेखी सुरु भएको महोत्सवम माघ २८ गते सम्पन्न भएको हो। राष्ट्रिय सभा सदस्य डाक्टर खिमलाल देवकोटाले देशको विभिन्न तहमा बस्दा बिकास निर्माणका काम गर्न सहयोग गरेको बताए। वडा बिकासमा पछि परेको बताउदै उनले अहिले भन्दा नेपालमा स्थानीय सरकार बलियो हुन खाँचो रहेको जनाए। पोखरा २३ मा बिकासमा पछि परेको उल्लेख गर्दै राष्ट्रिय सभा सदस्य डा.देवकोटाले आफुले बिकासमा पहल गर्ने बताए।

गण्डकी प्रदेश सरकार बिकास समिति उपाध्यक्ष गिरदी शर्मा पौडेलले होमस्टे गरिबी निवारण आय आर्जनको बाटो बनाएको बताए। प्रदेश भरि ७ सय होमस्टे रहेको र होमस्टेको बिकासमा सहयोग गरेको बताए। दोहोरी गितमा माया प्रेम संगै बिकासको कुरा समेटनपर्ने बताए। होमस्टे युवा मार्फत अघि बढाउनुपर्ने बताए। माघ २४ देखि संचालन भएको महोत्सव माघ २८ गतेसम्म संचालन भएको समितिका अध्यक्ष भिम पराजुलीले बताए।



# 'सत्ता गठबन्धन कायम रहन्छ'

रासस
काठमाडौं, २९ माघ

नेकपा (एमाले)का उपमहासचिव पृथ्वीसुब्बा गुरुङले अबको राष्ट्रपति एमालेको उम्मेदवार नै बन्ने दाबी गर्नुभएको छ।

वीरगन्जमा आइतबार आयोजित प्रेस चौतारी नेपालको सङ्गठन सुदृढीकरण कार्यशालामा उहाँले राष्ट्रपतिको निर्वाचनपछि सत्ता गठबन्धन टुट्ने हौवा मात्रै भएको बताउनुभयो।

गुरुङले भन्नुभयो, 'गत पुसमा एमाले र माओवादीबीच भएको सहमतिमा प्रधानमन्त्री र सभामुख आलोपालो हुने तथा राष्ट्रपति एमालेले पाउने सहमति भए अनुरुप नै राष्ट्रपति एमालेकै उम्मेदवार बन्छ। त्यसैले ढुक्क भएर बसे हुन्छ।' एमालेले अहिलेको सत्ता गठबन्धनलाई नै टिकाएर देशमा राजनीतिक स्थायित्व, विकास र समृद्धिको बाटोमा अगाडि बढाउने उद्देश्य राखेका उल्लेख गर्दै उहाँले दल बाहिरको व्यक्तिलाई राष्ट्रपति बनाउने कुरा एमालेलाई स्वीकार्य नहुने बताउनुभयो।

# नेपाल भेटेरिनरी एशोसिएसन गण्डकीको अध्यक्षमा डा. राजेश चौधरी

पोखरापत्र संवाददाता
पोखरा, २९ माघ

नेपाल भेटेरिनरी एशोसिएसन गण्डकी प्रदेशको अध्यक्षमा डा. राजेश चौधरी निर्विरोध निर्वाचित भएका छन।

एशोसिएसनको तेश्रो साधारण सभा एवं अधिवेशनले अध्यक्षमा डा.राजेश चौधरीलाई निर्विरोध निर्वाचित भएका हुन। त्यसैगरी एशोसिएसनको उपाध्यक्षमा डा. भाजुराम चौधरी, सचिवमा डा. अविनाश भट्टराइ, सह सचिवमा डा.सपनालक्ष्मी घिमिरे र कोषाध्यक्षमा डा. शर्मिला कुमाल निर्वाचित भएका छन। त्यसैगरी सदस्यहरुमा डा. सोनिया गुरुङ, डा. रुपक कंडेल, डा. अजयराज ओझा, डा. गणेश रानाभाट, डा. अनिल गौतम र डा. सन्तोष बास्तोला निर्वाचित भएका छन। नव निर्वाचित पदाधिकारीहरुलाई राष्ट्रिय पशु प्रजनन कार्यालय पोखराका प्रमुख सह सचिव डा. जगदीश पाण्डेले पद तथा गोपनीयताको सपथ ग्रहण गराएका थिए।




## श्री अमरदिप बचत तथा ऋण सहकारी संस्था लि.
पोखरा-१६, अमरदिप, कास्की

## आवश्यकता

श्री अमरदिप बचत तथा ऋण सहकारी संस्था लि. पोखरा-१६, लामाचौर दिपमा निम्न अनुसारको योग्यता र तालिम प्राप्त कर्मचारीको आवश्यकता परेकोले सूचना प्रकाशनको मितिले १५ दिनभित्र सम्पूर्ण बायोडाटा खुल्ने गरी नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, योग्यताको प्रतिलिपि र अनुभवका प्रमाण सहित निवेदन आव्हान गरिएको छ।

**तपसिल**

पद : सहायक प्रबन्धक
योग्यता : स्नातकोत्तर उत्तीर्ण, व्यवस्थापन संकाय
कम्प्युटरमा निपूर्ण, सफ्टवेयर चलाउन सक्ने
अनुभवीलाई विशेष ग्राह्यता
मासिक तलब : आपसी समझदारीमा
उमेर : १८ वर्ष पूरा भई ४० ननाघेको
थप जानकारीका लागि ०६१-४४१२३४, ९८४६०४०७५४ मा सम्पर्क गर्नुहोला।
नोट : निवेदन हस्तलिखित हुनुपर्नेछ।

व्यवस्थापक

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# फागुन १ सार्वजनिक विदा

मन्त्रिपरिषद्को बैठकले फागुन १ गते जनयुद्ध दिवसका रूपमा सार्वजनिक बिदा दिने निर्णय गरेको छाविदा धेरै भएको भन्दै घटाउनु पर्ने विचार राखेको एक साता नपुग्दै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा बसेको मन्त्रिपरिषद् बैठकले नेपालको राजनीतिक परिवर्तनमा जनयुद्धले पुऱ्याएको योगदानको कदर गर्दै सार्वजनिक बिदा दिने घोषणा गरेको छ । वि.सं. २०५२ फागुन १ गतेबाट सुरू भएको जनयुद्ध २०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौतामा रूपान्तरण भएको थियो । जनयुद्धको जगमा नेपालमा राजनीतिक परिवर्तन सम्भव भएको बुझाइ छ । गणतन्त्र, संघीय प्रणाली, समावेशी लोकतन्त्र, सामाजिक न्यायजस्ता उपलब्धि जनयुद्ध र जनआन्दोलनको बलमा नै स्थापित भएका हुन ।

जनयुद्धको नेतृत्वकर्ता पार्टी माओवादी केन्द्रले प्रत्येक वर्ष फागुन १ गतेलाई जनयुद्ध दिवसको रूपमा मनाउँदै आएको छ । परिवर्तनका पक्षमा भएका सबै आन्दोलन र क्रान्तिहरूको सम्मानमा सरकारले सार्वजनिक बिदा दिने निर्णय लिएको दावी गरिएको छ । यसअघि पुस २७ लाई राष्ट्रिय एकता दिवसका रूपमा सरकारले सार्वजनिक बिदा दिएको थियो।राप्रपा लगायतका राष्ट्रवादी शक्तिहरूले पृथ्वीनारायण शाहले राष्ट्र एकीकरण गरेको भन्दै पौष २७ गते सार्वजनिक विदा दिनुपर्ने माग गरेका थिए । सत्ता साझेदार दलहरूको न्युनतम साझ कार्यक्रममा राष्ट्रिय एकता दिवसमा सार्वजनिक विदा दिने सहमति भएको थियो ।जसपाले असहमति जनाएको थियो ।

जनयुद्ध दिवसको अवसरमा फागुन १ गते सार्वजनिक बिदा दिने प्रस्ताव मन्त्रिपरिषद्को बैठकमा ल्याएपछि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का मन्त्रीहरू मन्त्रिपरिषद्को बैठकमा अनुपस्थित भए । आइतबार बसेको मन्त्रिपरिषद्को बैठकमा जनयुद्ध दिवसको अवसरमा फागुन १ गते सार्वजनिक बिदा दिने प्रस्ताव आएपछि असन्तुष्टि जनाउँदै राप्रपाका मन्त्रीहरू बैठकमा अनुपस्थित भएका हुन राप्रपाबाट उपप्रधानमन्त्री तथा उर्जामन्त्री राजेन्द्र लिङ्देन, सहरी विकास मन्त्रीमा विक्रम पाण्डे, कानुन न्याय तथा संसदीय मामिलामन्त्रीमा ध्रुवबहादुर प्रधान र ऊर्जा राज्यमन्त्री दीपकबहादुर सिंह मन्त्रिपरिषद्मा छन् । सत्ता साझेदार नेकपा एमालेले धेरै विदा दिन नहुने विचार राखेको छानेकपा एमालेका सचिव योगेश भट्टराईले जनयुद्ध दिवसमा सार्वजनिक विदा दिएर ध्रुवीकरण नगर्न सचेत गराएका छन ।

विपक्षमा बसेको नेपाली काङ्ग्रेस तटस्थ देखिएको छामाओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल प्रचण्डको प्रस्तावलाई आँखा चिम्लेर समर्थन गर्ने गरेको छ। मुलधारका संचार माध्यमले सशक्त विरोध गरेका छैनन् । सत्ताको स्थायी प्रतिपक्षी प्रेस मानिन्छ । अहिले प्रेस सत्तापक्ष जस्तो देखिन्छ । अहिले सशक्त प्रतिपक्षी सामाजिक संजाल भएको छासरकारले फागुन १ गते सार्वजनिक विदा दिने निर्णय सामाजिक संजालमा विरोध भएको छाप्रधानमन्त्रीले विदा धेरै भएको हुँदा पुनरावलोकन गर्नुपर्ने विचार अघि सारेर आफै विदा थप्नु भनाइ र गराइमा भिन्नता हो । सार्वजनिक विदा धेरै दिनु भन्दा थोरै दिएर सबैले स्वीकार्ने बनाउनु आवश्यक छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बड्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# संगमको अर्धवार्षिक समिक्षा

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ माघ**

संगम बचत तथा ऋण सहकारी संस्था, पोखरा १५ ले २०७९ /०८० को अर्ध वार्षिक समिक्षा सम्पन्न गरेको छ ।

अध्यक्ष नवराज तिवारीले सबैको सक्रिय सहभागिता प्रति धन्यवाद दिदै संगम सहकारी निति , बिधि र प्रबिधिमा चलेको हुनाले यो विषम परिस्थितिमा पनि सन्तुलित तरिकाले अगाडि बढेकोमा खुसी व्यक्त गरे ।संरक्षक एवं सल्लाहकार निरज थापाले सदस्यको संख्याले भन्दा पनि सक्रियताले सहकारीको प्रगति निर्धारण गर्ने हुनाले त्यस तर्फ ध्यान दिन संचालक समितिलाई अनुरोध गरे ।

लेखा संयोजक भोविन्द्र गिरीले संस्थाको तरलता पर्याप्त देखिएकोमा खुसी व्यक्त गरे । संचालक तिलक थापाले सदस्यहरुद्धारा प्रजातान्त्रिक नियन्त्रण भन्ने सिद्धान्त सबैले आत्मसात गर्नुपर्ने बताए । शिक्षा उपसमिति सदस्य तुल बहादुर गुरुङले पुराना सदस्यलाई सक्रिय बनाउनेतर्फ ध्यान दिनुपर्ने बताए । शिक्षा उपसमिति सदस्य सरस्वती अधिकारीले विभिन्न कार्यक्रम मार्फत सदस्य र समुदायसँग निरन्तर जोडिनु पर्ने तर्फ जोड दिइन् । सचिव धनराज पुरीको संचालन र कार्यालय प्रमुख बृहस्पति अधिकारीको संस्थागत प्रस्तुति रहेको सो बैठकमा कोषाध्यक्ष भरत बहादुर थापा , कानुनी सल्लाहकार दयाराम गौतम , बचत उपसमिति सदस्य इश्वरी प्रसाद पौडेल लगायतले भनाइ राखेका थिए ।

# व्यास नपाद्धारा छ करोड राजस्व सङ्कलन

**पोखरापत्र संवाददाता**
**तनहुँ, २९ माघ**

तनहुँको व्यास नगरपालिकाले छ महिनाको अवधिमा करिब साढे छ करोड राजस्व सङ्कलन गरेको छ । नगरपालिकाले चालु आर्थिक वर्ष २०७९/८० को साउनदेखि पुससम्म आन्तरिक आयतर्फ रु छ करोड चार लाख ९६ हजार पाँच सय ८० राजस्व सङ्कलन गरेको हो ।

नगरपालिकाले आन्तरिक स्रोतबाट रु २२ करोड ६० लाख राजस्व सङ्कलनको लक्ष्य राखेकामा छ महिनामा २८.४५ प्रतिशत राजस्व सङ्कलन भएको प्रमुख प्रशासकीय अधिकृत हरिराम नागिलाले जानकारी दिनुभयो । नगरपालिकाले सम्पत्ति कर, मालपोत कर, घरबहाल कर, प्राकृतिक स्रोतसाधनलगायतबाट आन्तरिक आय सङ्कलन गर्दै आएको छ । नगरपालिकाले यस अवधिमा सङ्घीय सरकारमार्फत रु ४४ करोड ६२ लाख ५३ हजार चार सय ४५ प्राप्त गरेको छ । सङ्घीय सरकारबाट रु एक अर्ब दुई करोड ४९ लाख ९९ हजार आम्दानी हुने अनुमान गरिएको छ। प्रदेश सरकारबाट रु एक करोड ५९ लाख ४५ हजार ८८ प्राप्त भएको छ। प्रदेश सरकारबाट रु आठ करोड ६९ लाख ५२ हजार आम्दानी हुने नगरपालिकाको अनुमान छ।

त्यस्तै अन्य बाँकीबाट रु १७ करोड ६८ लाख ९८ हजार चार सय २८ आम्दानी भएको छ । यो शीर्षकबाट रु ३१ करोड ७५ लाख आम्दानी हुने नगरपालिकाको अनुमान रहेको प्रमुख प्रशासकीय अधिकृत नागिलाले बताउनुभयो । छ महिनाको अवधिमा कुल २८.७६ प्रतिशत खर्च भएको छ। चालुतर्फ रु ८७ करोड ४४ लाख ६६ हजार विनियोजन भएकामा रु ३५ करोड ६७ लाख ८८ हजार छ सय ८७ खर्च भएको छ । पुँजीगततर्फ रु ७८ करोड नौ लाख ८५ हजार विनियोजन भएकामा रु ११ करोड ९३ लाख ४१ हजार ७८ खर्च भएको छ । चालुतर्फ ४०.८० र पुँजीगततर्फ रु १५.२८ प्रतिशत बजेट खर्च भएको छ । चालु आवमा कुल एक हजार ५३ योजनामा उपभोक्ता समितिमार्फत गरिने एक हजार योजनामध्ये दुई सय ३६ योजनाको कार्यसम्पन्न भएको नगरप्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो । चार सय ३३ योजना सम्झौता भई अधुरो रहेको, तीन सय ३२ सम्झौता हुन बाँकी रहेको र ठेक्कामार्फत सञ्चालन हुने ५३ मा कार्यसम्पन्न भएको न्यौपानेले बताउनुभयो । उहाँका अनुसार कार्यसम्पन्न र सम्झौता भएका ६८ प्रतिशत र सम्झौता हुन बाँकी ३२ प्रतिशत छ।

नगरवासीका असीमित आकाङ्क्षा रहेको र बजेट निर्माण गर्ने समयमा सम्बोधन हुन नसकेका कार्यक्रमलाई वडाको सिफारिस लिई जुनसुकै समयमा पनि नगरपालिकामा माग गर्ने प्रवृत्ति हरेक महिना हुने कार्यपालिका बैठकमा मागका निवेदनको दबाबलाई व्यवस्थापन गर्न कठिनाइ महसुस भएको न्यौपानेले बताउनुभयो । "सबैको क्षमता, परस्पर सद्भावले मात्र अपेक्षित कार्यक्रम अघि बढाउन सकिन्छ र यसका लागि हामी जनप्रतिनिधि एवं कर्मचारी सद्भावपूर्ण सहकार्य आवश्यक छ", उहाँले भन्नुभयो । नगरपालिकाले चालु आवमा कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, उद्योग, युवा, खेलकुद, सूचना र सञ्चारका क्षेत्र, व्यवस्थित बसोबास र भूमि व्यवस्थापन, वातावरण तथा विपद् व्यवस्थापन, पूर्वाधार निर्माणलगायतका क्षेत्रलाई प्राथमिकतामा राखेको नगरप्रमुख न्यौपानेले बताउनुभयो ।


## कम्पनीको नाम परिवर्तन सम्वन्धी सूचना

**कम्पनीको मिति २०७९/१/१८ मा सम्पन्न विशेष साधारण सभा तथा मिति २०७९/१/२७ गतेको कम्पनी रजिष्ट्रार कार्यालयको निर्णय अनुसार यस फेवा फर्टिलिटी टेष्टट्यूव वेवि सेण्टर** (Fewa Fertility Testtube Baby Centre) **प्रा.लि. नं. २८९३८४/०७८/०७९ को नाम परिवर्तन गरी फेवा फर्टिलिटि सेण्टर** (Fewa Fertility Centre) **हुने निर्णय भएको हुँदा यस साविक कम्पनीको नाममा रहेको चल, अचल सम्पत्तिहरु तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्वहरु परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**फेवा फर्टिलिटि सेण्टर प्रा. लि., पोखरा-८**


# जिपी कोइराला अस्पतालमा थाइराइड परीक्षण सुरु

**पोखरापत्र संवाददाता**
**दमौली, २९ माघ**

तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा थाइराइड परीक्षण सुरु भएको छ । अस्पतालको सेवा विस्तारका क्रममा पहिलोपटक थाइराइड परीक्षण सुरु भएको हो ।

उपचार केन्द्रमा सिएलआइए मेसिन जडान भएपश्चात् प्रयोगशाला विभागमा थाइराइड परीक्षण सुरु भएको उपचार केन्द्रका कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठले जानकारी दिनुभयो । "अस्पतालको सेवा विस्तार गर्ने क्रममा थाइराइड उपचार सुरु गरेका छौं, यसले तनहुँका अतिरिक्त आसपासका सर्वसाधारणलाई पनि सहज हुनेछ", उहाँले भन्नुभयो । यहाँ थाइराइड परीक्षण नहुँदा सर्वसाधारण पोखरासम्म जानुपर्ने बाध्यता थियो । उपचार केन्द्रमा थाइराइड परीक्षण सुरु भएपछि तनहुँसँगै छिमेकी स्याङ्जा र पाल्पाका केही भागका सर्वसाधारणलाई सहज हुने विश्वास गरिएको छ ।

थाइराइड हुँदा कपाल धेरै झर्ने, दुब्लाउने वा मोटाउने, शरीरमा पसिना बढी आउने वा कम आउने, निद्रा बढी लाग्ने वा कम लाग्ने, कब्जियत हुने वा झाडापखाला लाग्ने, महिलामा महिनावारी गडबडी हुने, मुटु जोडसँग ढुकढुक हुने, हात काँप्ने, गर्मी बढी हुने वा जाडो हुने, छाला खस्रो हुनेलगायतका लक्षण देखिने चिकित्सक बताउँछन् । केन्द्रमा केही दिन अगाडिमात्रै शवगृह पनि सञ्चालनमा आएको छ। शवगृहमा मोइस्चर चेम्बर मेसिन जडान गरिएको छ । उक्त शवगृहमा चार शव राख्ने क्षमता रहेको छ। शवगृह नहुँदा शव व्यवस्थापनका लागि सकस हुँदै आएको थियो । केन्द्रले नियमितरूपमा शल्यक्रिया सेवा दिइरहेको छ । साना तथा ठूला शल्यक्रिया सेवा सञ्चालन गरेपछि सर्वसाधारणलाई बाहिरी जिल्ला जानुपर्ने बाध्यताको अन्त्य भएको छ । जिल्लामै शल्यक्रिया सेवा पाएपछि उपचारका लागि पोखरा, चितवन वा अन्यत्र जानुपर्ने बाध्यता हटेको बताइन्छ ।

केन्द्रले हर्निया, मलद्वार फाटेको, हाडजोर्नीलगायतको शल्यक्रिया सेवा दिइरहेको छ । केन्द्रमा हाडजोर्नी विशेषज्ञ डा विद्याभूषण ताम्राकार, सर्जन डा परिवर्तन बराल, एनेस्थेसियोलोजिष्ट डा रमेश घिमिरे, डा अभिषेक पौडेललगायतले शल्यक्रिया सेवा प्रदान गर्दै आउनुभएको छ। केन्द्रबाट शल्यक्रिया सेवा सुरु भएपछि तनहुँसँगै सीमा जोडिएका स्याङ्जा, पाल्पा, नवलपुरका सर्वसाधारणलाई सहज भएको छ । अस्पतालमा तीन विशेषज्ञ र नौ मेडिकल अधिकृत कार्यरत छन् । अस्पतालले विशेषज्ञ चिकित्सकबाट हाडजोर्नी तथा नशारोग, जनरल सर्जरी, इन्टरनेशनल मेडिसिन सेवा प्रदान गरिरहेको छ।

त्यसबाहेक अस्पतालले केही समय अगाडिबाट कल्चर सेवा पनि सुरु गरेको छ । अस्पतालमा १० देखि ४ बजेसम्म ओपिडी सेवा, चौबीसै घण्टा आकस्मिक सेवा, ल्याब, भिडियो एक्सरे सेवा, माइनर अप्रेशनलगायतका सेवा दिइरहेको छ। पचास शय्याको अस्पतालमा सवारी दुर्घटनाका घाइतेको अलावा झाडापखला, टाइफाइड, ज्वरो, ग्याष्ट्रिक, पेटसम्बन्धी र हाडजोर्नीका बिरामी नियमित आउने गरेका छन् । दक्षिण एसियाकै उत्कृष्ट श्वासप्रश्वास उपचार केन्द्रका रूपमा स्थापना गर्न सरकारले केही वर्षअघि पूर्वप्रधानमन्त्री स्व गिरीजाप्रसाद कोइरालाको नाममा राष्ट्रियस्तरको श्वासप्रश्वास उपचार केन्द्र स्थापना गर्ने निर्णय गरेको थियो। सोहीअनुसार शुक्लागण्डकी नगरपालिकाको बेलचौतारामा सात सय ४० रोपनी जग्गा उपचार केन्द्रको नाममा प्रदान भइसकेको छ। अस्पतालमा तनहुँको शुक्लागण्डकी नगरपालिका, भीमाद नगरपालिका, म्याग्दे गाउँपालिका, रिसिङ गाउँपालिकासहित स्याङ्जा, पाल्पा र नवलपरासी जिल्लाका केही गाउँपालिकाका जनता पनि सेवा लिन आउँछन् ।

# सोंथर बैंसी टारी बजार मेला २०७९ को तयारी पूरा

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ माघ**

सोंथर बैंसी टारी बजार मेला - २०७९ को तयारी पूरा भएको छ । मेलास्थलको व्यवस्थापन, प्रचारप्रसार, अर्थ व्यवस्थापन लगायतका सम्पूर्ण तयारी पूरा भएको हो ।

'सोंथर बैंसी तथा त्यस क्षेत्रको प्रवर्द्धन, कृषि र पर्यटन' भन्ने मूल नाराका साथ सोंथर बैंसी विकास समितिले मेला गर्न लागेको हो । फागुन १ गते सोमबार शुरु हुने मेला ३ गतेसम्म चल्ने समितिका अध्यक्ष ओम प्रकाश गुरुङले जानकारी दिनुभयो । मेलाको उद्घाटन मादी गाउँपालिकाका प्रमुख देवीजङ्ग गुरुङले उद्घाटन गर्नु हुनेछ। उद्घाटन समारोहमा विभिन्न स्थानबाट सांस्कृतिक झाँकीहरु प्रदर्शन गरिनेछ । मेला करिब पाँच हजार जनाले अवलोकन गर्ने अपेक्षा गरिएको छ । मेला सम्पन्न गर्नका लागि पाँच लाख रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ। मेलामा विशेष गरी सोंथर बैंसी लगायत त्यस आसपास क्षेत्रमा उत्पादित कृषि वस्तु तथा पशुचौपायहरुको प्रदर्शनी एवम् बिक्री गरिनेछ। त्यस्तै खेलकुद तर्फ वडास्तरीय भलिबल प्रतियोगिता, खुल्ला छेलो/ठेलो प्रतियोगिता, रसी तान्ने प्रतियोगिता, सांस्कृतिक तर्फ खुल्ला सामुहिक नृत्य प्रतियोगिता, खुल्ला दोहोरी प्रतियोगिता, खुल्ला भजन प्रतियोगिता साथै स्थानीय युवा क्लबहरुको ठेटार नाच एवम् चर्चित कलाकारहरुको समेत प्रस्तुती रहने छन् । भलिबल प्रतियोगितामा प्रथम र द्वितीय हुने समूहलाई क्रमशः नगद ४० हजार र ३० हजार नगद सहित मेडल र ट्रफी प्रदान गरिने छ।

त्यस्तै, मादी गाउँपालिका भित्रका विद्यालयमा कक्षा ६ देखि १० सम्म अध्ययनरत विद्यार्थी बीच सोंथर बैंसी विषयक बक्तृत्वकला प्रतियोगिता पनि गरिनेछ । नेपाल टुरिज्म बोर्डसँग अन्तरक्रिया कार्यक्रम पनि गरिने भएको छ । मेलाको लागि मुख्य प्रायोजन मादी गाउँपालिका कार्यालयले गर्ने भएको छ । ३५ वर्ष अघि निकै प्रख्यात रहेको सोंथर बैंसी मेलालाई थप परिस्कृत गर्दै गर्न लागिएको छ । मादी गाउँपालिकाको वडा नं ८ मा पर्ने नागिधार र पाखुरीकोट गाउँ, वडा नं १० मा पर्ने भाचोक गाउँको संगम स्थल हो सौंथर बैंसी । सोंथर बैंसीमा हाल फार्महाउस एवम् केहि होमस्टे समेत सन्चालनमा रहेका छन् । फार्महाउसमा बसेर नजिकै वार्दी खोलामा पौडी खेल्दै दुवाली थुनेर असला माछा मार्दै आनन्द लिन सकिने छ। त्यस्तै नजिकै टारी खेतहरुमा गोठहरु समेत रहेकाले गोठमा खिर खाने जस्ता अनुभव लिइ आनन्द समेत लिन सकिनेछ।


सुपथ मूल्यमा आकर्षक छपाइ




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# पोखरामा कास्की कप ह्याण्डबल प्रतियोगिता सुरु

पोखरापत्र संवाददाता
पोखरा, २९ माघ

पोखरामा नवौं कास्की कप ह्याण्डबल प्रतियोगिता सुरु भएको छ। नवौं कास्की तथा छैटौं एकता कप बिद्यालय स्तरीय छात्र/छात्रा ह्याण्डबल प्रतियोगिता आइतबार देखि पोखरा रंगशालाको कभर्ड हल र ह्याण्डबल ट्रेनिङ सेन्टरमा संचालन भएको हो।

आइतबार छात्र तर्फ ७ र छात्रा तर्फ लिग चरणका ४ खेल सम्पन्न भएको संघका सचिव टेक बहादुर गुरुङले बताए । छात्र तर्फको पहिलो खेलमा पोखरा एकेडेमीको ए समुहले राइजिङ स्टारलाई ३ का बिरुद्ध फराकिलो १२ गोलको अन्तरले पराजित गर्‍यो । अर्को खेलमा ज्ञान ज्योति बिद्या कुन्जले पोखरा लर्नस एकेडेमीलाई १ को बिरुद्ध १३ गोल बर्षायो । गण्डकी बोर्डिङले अर्को खेलमा अलफा बोर्डिङलाई १५–४ को गोल अन्तरले पराजित गर्दा अर्को खेलमा सरस्वती बिद्या सदनले रेन्बो एकेडेमीलाई ११–५ को गोल अन्तरले पराजित गर्‍यो।



पोखरा एकेडेमी बी समुहले इरेन एकेडेमीलाई ६–४ को गोल अन्तरले पराजित गर्दा पोखरा एकेडेमी एले पोखरा लर्नर एकेडेमीलाई १४–२ को फराकिलो जित दर्ता गर्‍यो। ज्ञान ज्योति बिद्या कुन्जले राइजीङ स्टारलाई १२–४ को गोल अन्तरले पराजित गर्‍यो । त्यसै गरी आइतबार छात्रा तर्फ पोखरा एकेडेमी, गण्डकी बोर्डिङ, सृजना मावि र सरस्वती बिद्या आश्रमले लिग चरणको खेलमा जित हासिल गरेका छन्। पोखरा एकेडेमीले इरेन एकेडेमीलाई ५–१, गण्डकी बोर्डिङले अर्को खेलमा सरस्वती वोर्डिङलाई ११–०, सृजना माविले ज्ञान ज्योति बिद्या कुन्जलाई ४–३ को गोल अन्तरले पराजित गर्‍यो भने सरस्वती बिद्या आश्रमले पोखरा लर्नस एकेडेमीलाई ६–५ को गोल अन्तरले पराजित गरेको छ। फागुन ३ गतेसम्म संचालन हुने उक्त प्रतियोगिताको एक समारोहका बिच गण्डकी प्रदेशका प्रदेश सभा सदस्य प्रकाश बरालले रेफ्रिलाई बल हस्तान्तरण गरी उद्घाटन गरे । कार्यक्रममा बोल्दै सांसद बरालले पोखराको खेलकुदको विकासमा यस्ता बिद्यालयस्तरका प्रतियोगिताहरु आवश्यक भएको बताए । संघ कास्कीका अध्यक्ष चित्र थापाको अध्यक्षतामा सम्पन्न भएको उद्घाटन सत्रमा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तोरण बहादुर बानिया, समाजसेवी (डब्लुओएन) जित बहादुर गुरुङ, सदस्य पदम नेपाली लगायतले वोलेका थिए।

प्रतियोगिता अर्न्तगत छात्र तर्फ १३ र छात्रा तर्फ भने ८ टिमको सहभागिता रहेको आयोजक कास्की जिल्ला ह्याण्डबल संघले जनाएको छ। प्रतियोगिता अर्न्तगत साविक विजेता छात्र तर्फ माउन्ट अन्नपूर्ण स्कुल हो भने छात्रा तर्फ गण्डकी बोर्डिङ स्कुल हो । प्रतियोगितामा छात्र तथा छात्रा तर्फका विजेताले जनही १० हजार, उपबिजेताले ५ र तेश्रो हुनेले ३ हजार साथमा ट्रफि मेडल र प्रमाणपत्र प्राप्त गर्ने भएको संघ कास्कीका अध्यक्ष चित्र थापाले बताए। प्रतियोगितामा उत्कृष्ट हुने खेलाडी सर्वाधिक गोलकर्तालाई नगद सहित सम्मान गरिने भएको छ । 'स्वस्थ्यको लागि खेलकुद राष्ट्रको लागि खेलकुद' भन्ने नाराका साथ आयोजना हुने उक्त खेलले बिद्यालयस्तरबाटै ह्याण्डबल खेलको विकास गर्न थप मद्धत पुग्ने अध्यक्ष थापाले बताए।

# अर्जुनचौपारीमा घरदैलो स्वास्थ्य अभियान

पोखरापत्र संवाददाता
स्याङ्जा, २९ माघ

स्याङ्जाको अर्जुनचौंपारी गाँउपालिका-२ केवरेकी ८४ वर्षीय द्रुपती केसी समयसमयमा बिरामी पर्छिन् । उच्च रक्तचाप र दमको बिरामी केसीलाई दैनिकजसो स्वास्थ्य संस्थामा लैजानुपर्ने बाध्यता भए पनि अहिले पहिले जस्तो स्वास्थ्य संस्था जानुपर्ने बाध्यता हटेको छ। बुढेसकालमा स्वास्थ्योपचारका लागि स्वास्थ्य संस्थासम्म जान निकै गाह्रो मान्ने केसी घरमै स्वास्थ्यकर्मी आउन थालेपछि खुशी भएकी छन्।

पालिकाले ज्येष्ठ नागरिक र अपांगता भएकालाई घरदैलोमा स्वास्थ्योपचार कार्यक्रम शुरु गरेपछि केसी जस्ता धेरैले घरमै बसेर आफ्नो स्वास्थ्य जाँच गराउन पाएका छन् । पहिला अत्यधिक रुपमा बिरामीले च्यापेपछि मात्र स्वास्थ्य संस्थामा जान्थे ८४ बर्षिय केसीले भनिन्,'अहिले स्वास्थ्यसेवा घरमै लिन पाए, खुशी छु।' पालिकाले ज्येष्ठ नागरिकका लागि गरेको यो कार्यक्रमले हामी जस्तालाई धेरै सहज भएको छ उनले भनिन्।

वडा नं. ६ का चेते खड्का ७२ वर्षका भए । उनलाई उच्च रक्तचाप र खोकीको समस्या छ। उनि औषधि ल्याउनकै लागि पनि स्वास्थ्य संस्था पुग्नुपर्थ्यो। अहिले स्वास्थ्यकर्मीको परामर्शले मात्रै पनि उनले आफूलाई सञ्चो भएको महसुस गर्न थालेका छन् । घरमै उपचार सगै औषधी पाएका छौं ७२ बर्षिय खड्काले भने,'यसभन्दा बढी सुविधा हाम्रा लागि अरु केही हुन सक्दैन ।' यो कार्यक्रमलाई पालिकाले निरन्तरता दिन सके धेरै राम्रो हुन्थ्यो उनले भने।

कार्यक्रम नियमित सञ्चालन भएन भने हाम्रो स्वास्थ्यको कसले पुनः हेरचाह गर्ला भन्ने चिन्ता यो सेवाले हटेको खड्काको भनाई छ। खड्का र केसी जस्तै अर्का वडा नं. ६ कै ४७ वर्षीय बेदप्रसाद पौडेल शारिरिक रुपमा अशक्त थिए । उनलाई औषधोपचारका लागि स्वास्थ्य संस्थासम्म जान उनलाई पनि निकै समस्या थियो । शारीरिक अस्वस्थताका कारण सधै घरका अन्य सदस्यलाई पनि भन्न अप्ठ्यारो मान्ने पौडेल अहिले खुशी देखिन्छन् । घरमै स्वास्थ्यकर्मी उपचारका लागि पुग्न थालेपछि पौडेललाई स्वास्थ्य संस्थासम्म जानपर्ने बाध्यता मात्र टरेको छैन गाउँघरमा हुने विभेदमा पनि कमी भएको महसुस हुन थालेको छ । पालिकाले हाम्रा लागि यो भन्दा राम्रो काम केही गर्न सक्दैन पौडेलले भने,'नागरिकमैत्री यस्तो सेवालाई निरन्तरता दिनुपर्छ।' अहिले औषधि उपचारभन्दा स्वास्थ्यकर्मीको परामर्शले हामी धेरै खुशी छौं उनले भने।

अर्जुनचौपारी गांउपालिकाले ज्येष्ठ नागरिक, अपांगता भएकाहरुको घरदैलो स्वास्थ्योपचार र अन्यको हकमा टोल टोलमै पुगेर उपचार गर्नका लागि ३ जना स्वास्थ्यकर्मीको टिम नै खटाएको छ। स्वास्थ्यकर्मी लिलादेवी गुरुङ हप्तैपिच्छे स्वास्थ्योपचारका लागि स्वास्थ्य संस्था धाउनुपर्ने नागरिकको बाध्यता टरेको बताउछीन् । घरमै पुगेर उनीहरुको स्वास्थ्य परामर्स सहित उपचारमा खटिएका छौं गुरुङले भनिन्, 'स्वास्थ्य संस्था जानै पर्ने भए पनि स्वास्थ्यकर्मीको सल्लाहअनुसार जाँदा सहजरुपमा सेवा पाउन थालेका छन् ।' घर–घरमा स्वास्थ्यकर्मी पुग्दा ठुलो राहत महशुष नागरिकले गरेका छन् उनले भनिन् । माघ महिनाबाट शुरु भएको घरदैलो स्वास्थ्य अभियानमा हालसम्म ४ सय ८३ जेष्ठ नागरिक र १ हजार ३ सय ५ अन्यले स्वास्थ्य सेवा लिएका छन् । उक्त टिममा सहभागी स्वास्थ्यकर्मी गिता सापकोटाले शुरुमा काम गर्न गाह्रो भए पनि अहिले गाउँमा जाँदा नागरिक आफै उपचारका लागि आउने गरेको बताएकी छन्। उनले गाउँमा गएर प्राथमिक उपचार र स्वास्थ्य परामर्शका साथै स्वास्थ्य संस्थाबाट प्रदान गरिने निःशुल्क औषधीसमेत वितरण गरिँदै आएको बताईन् । नागरिकहरु पालिकाले थालेको यो कामबाट पूर्णरुपमा सन्तुष्ट भएको देखिन्छ । पालिकाका स्वास्थ्य शाखा प्रमुख इश्वरी केसी पालिकाको क्षमताले भ्याएसम्म नागरिकलाई स्वास्थ्योपचारका लागि काम गरेको बताउछन्।

कार्यक्रमलाई निरन्तरता दिने हाम्रो प्रयास छ उनले भने,'बिशेष स्वास्थ्य प्याकेज बनाएर अगाडी बढ्ने अभियानमा छ।' नागरिकको स्वास्थ्यप्रति हामी जिम्मेवारी छौं भन्ने सन्देश दिने छौं उनले भने । स्वास्थ्य शाखा प्रमुख केसीका अनुशार यो स्वास्थ्य परिक्षण अभियानमा विशेष गरि नसर्ने रोगहरु उच्च रक्तचाप, मधुमेह र स्वासप्रश्वासको समस्या भएका बिरामीहरु बढी भेटिएको छ। महिलाहरुमा बढी रक्तअल्पताको समस्या भेटिएको केसी बताउछन् । बच्चाहरुमा कुपोषणको समस्या नभेटिएको उनको भनाई छ । समस्यामा परेका बिरामीहरुलाई औषधी वितरणदेखि व्यावहार परिवर्तनको सन्देश समेत दिइएको केसीले बताए । ग्रामिण इलाकामा सरसफाईको पनि समस्या रहेको केसीले जानाकारी दिए। जनताले पाउनुपर्ने स्वास्थ्य सुविधाको अधिकार पनि प्रयोग नगरेकाले तथा स्वास्थ्य संस्थामा सेवा लिन पनि नआउने गरेकाले यो अभियानको थालनी गरेको केसीले बताए । हामीमा पनि गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध छ है भन्ने सन्देश दिन पनि यो कार्यक्रम शुरु गरेको स्वास्थ्य प्रमुख केसीको भनाई छ। स्थानीयतहले नागरीकमैत्री योजना अगाडी सारेपछि स्थानीय सरकार भएको महशुष गरेको बताइएको छ।

नागरिक स्वास्थ्य रहे मात्रै गाँउपालिका स्वास्थ्य रहने गाँउपालिकाका अध्यक्ष प्रकाश तिवारीले बताए। नागरिक खुशी बनाउने हाम्रो दायीत्व हो उनले भने,'स्वास्थ्य, शिक्षा र खानेपानी हाम्रो पहिलो प्रथामिकता हो ।' नागरिकका सामान्य आधारभुत आवश्यकतामा स्थानीय सरकारले ध्यान दिनुपर्छ भन्ने मान्यता हाम्रो छ उनले भने।

# 'शसस्त्र प्रहरी गुल्म वालिङमा राख्न जोड'

श्रीकृष्ण सिग्देल
वालिङ, २९ माघ

२२ बर्षदेखी अस्थाईरुपमा रहदै आएको सशस्त्र प्रहरी बलको गुल्म वालिङमा रहनुपर्नेमा सरोकारवालाहरुले जोड दिएका छन्। वालिङ नगरपालिकाले सशस्त्र प्रहरी बललाई जग्गा व्यवस्थापनका लागि आयोजना गरेको अन्तरक्रियामा सरोकारवालाहरुले वालिङमै राख्नुपर्नेमा जोड दिएका हुन्।

सशस्त्र प्रहरीबल वालिङले जग्गा ब्यावस्थापन गर्न यहाँका सबै सरोकारवाला निकायसगँ अनुरोध गरेपछि नगरपालिकाले यसको भुमिका निर्वाह गरेको हो। पटक–पटक सशस्त्र प्रहरी बलले अस्थाईरुपमा बसोवास गर्दा कठिन परिस्थीती झेल्न बाध्य भएको अनुभव सुनाउदै यसले सेवाप्रवाहमा समेत कठिनाई भएकाले महशुष गर्दै जग्गा व्यवस्थापन गरिदिन आग्रह गरेको थियो । सुरक्षाको आवश्यकता ठान्ने तर जग्गा व्यवस्थापनमा यहाँका समुदायले जोडले चासो नदिदा कतै सशस्त्र प्रहरी बल अन्तै सर्छ कि भन्ने चिन्ता सरोकारवालाहरुले लिएका छन् । वालिङ नगरपालिका सभाहलमा आयोजित अन्तरक्रियामा सहभागीले सुरक्षाको दृष्टिकोणले सशस्त्र गुल्म वालिङमा अपरिहार्य रहेको बताएका छन्। सशस्त्र प्रहरी बल नं. ३० गुल्म पुर्णमृत भवानी माविको जग्गा रहेको वालिङ ८ घ्याङलिङमा विगत २२ वर्षदेखि अस्थाई रुपमा रहँदै आएको छ। गुल्मलाई जग्गा व्यवस्थापन गर्न नगरपालिकाले सांसद, जनप्रतिनिधि, राजनीतिकदल, उद्योगी व्यवसायी, पत्रकार लगायत सरोकारवाला निकायका सबै प्रतिनिधिहरुलाई बोलाएर अन्तरक्रिया गरेको छ । अन्तरक्रियामा सशस्त्र प्रहरी बल गुल्मका गुल्मपति प्रहरी नायव उपरिक्षक राजनलाल श्रेष्ठले २०५८ सालमा बेस क्याम्पमा रहेको सशस्त्र प्रहरी बल २०७५ सालबाट गुल्ममा स्तरोन्नती भएको जानकारी दिए।

१६० जनाको स्थायी दरबन्दी रहने गुल्मका लागि भौतीक संरचना निर्माण गर्न नपाउदा शसस्त्र प्रहरी जवान देखी अधिकृतहरु सम्मले समस्या झेल्नुपरेको गुनासो उनले सुनाए। टहरामा बसेर सुरक्षा जस्तो संवेदनशील क्षेत्रमा जवानहरुले काम गर्नुपर्ने अवस्था छ उनले अन्तरक्रियामा भने,'जसले गर्दा सुरक्षाको कार्यसम्पादनमा कठिन भएको छ ।' स्थायी संरचनाका लागि जग्गा आवश्यक परेकाले तत्काल जग्गाको व्यवस्थापन हुन नसकेमा सशस्त्र प्रहरी बलको गुल्म सदरमुकाम वा अन्य ठाँउमा जानसक्ने जानकारी समेत उनले दिए । कार्यक्रममा प्रदेश सांसद सरस्वती तिवारी, पुर्व सांसद मोहन रेग्मी, वालिङ नगर उपप्रमुख कविता तिवारी गैह्रेले वालिङको दिगो विकास र सुरक्षित महशुष गराउन सशस्त्र प्रहरी बललाई राख्नुपर्नेमा जोड दिए। उपयुक्त ठाँउ अन्यन्त्र नभएकाले विद्यालय सगँ सहमति गरी हाल बसेकै ठाँउमा सशस्त्र प्रहरी बललाई राख्न उनीहरुले सुझाव दिए। आ–आफ्ना क्षेत्रबाट यसलाई बहसको बिषय बनाएर भएनी सुरक्षा जस्तो संवेदनशिल युनिटलाई यथास्थानमा राख्न सके वालिङ लगायत आसपासका क्षेत्रलाई अत्यन्तै राम्रो हुने तर्क उनीहरुको छ।

यसका लागि विद्यालय परिवार, राजनीतिकदल, उद्योगी व्यवसायी, मिडिया क्षेत्र र नगरपालिका संवेदनशिल हुनुपर्ने बेला आएको उनीहरुको जोड थियो । सुरक्षा मजबुद भएकै कारण दर्जनौ बैंक तथा वित्तिय संस्थाहरु आएको स्मरण गर्दै सशस्त्र प्रहरी बल हाम्रो सम्पती हो भन्ने भावना बोकेर अगाडी बढ्नुपर्नेमा सरोकारवालाहरुले जोड दिएका छन् । पुर्णामृत भवानी माध्यमिक विद्यालयका प्रधानाध्यापक विष्णुप्रसाद अर्यालले यसअघि विद्यालय व्यवस्थापन समितिले सशस्त्र प्रहरी गुल्म रहेको जग्गा स्थायी रुपमा दिने निर्णय नगरेको जानकारी दिए।

यसअघि विद्यालयले आफ्नो जग्गालाई आम्दानीको स्रोत बनाउन खोजिएको जानकारी दिए । आवश्यकता भएमा सबै सरोकारवालाहरु सगँको छलफललाई विद्यालय प्रशासन कुनै बाधक नहुने उनले बताए। विद्यालयसगँ कुनै समन्वय नगरी २०७५ सालमा वालिङ नगरकार्यपालिका बैठकले सशस्त्र प्रहरी बललाई हाल बसेको जग्गादिने निर्णय गरेपछि विवादमा आएको उनले बताए। समन्वयको अभावमा यो समस्या आएको हुनसक्ने उनले बताए।

वालिङ नगरप्रमुख कृष्ण खाँणले वालिङ नगरभित्रको शान्ति सुरक्षा संगै विपत्को समयमा पनि ठुलो सहयोग गरिरहेको यो सुरक्षा फौजलाई वालिङमा नै राख्नुपर्ने बताए। अस्थायी रुपमा लामो समय सम्म रहेको हुदा भौतिक निर्माण गर्न सहज हुनेगरी जग्गा व्यवस्थापनका लागि सबै एकजुट भइदिन खाँणले आग्रह गरे । वर्षात्को समयमा राति बस्न असहज भएको स्मरण गराउदै नगर प्रमुख खाँणले तिन महिनाभित्र यो जग्गाको व्यवस्थापन गर्ने प्रतिबद्धता व्यक्त गरे। शसस्त्र प्रहरी बलको गुल्म यो क्षेत्रमा रहदा सुरक्षाको ठुलो महशुष भइरहेको सहभागीहरुले बताएका थिए।

# बेनी–जोमसोम सडक दैनिक साढे छ घण्टा बन्द हुने

पोखरापत्र संवाददाता
म्याग्दी, २९ माघ

म्याग्दीको उत्तरी क्षेत्र हुँदै मुस्ताङलाई जोड्ने बेनी-जोमसोम सडक सोमबारदेखि दैनिक साढे छ घण्टा बन्द हुने भएको छ। स्तरोन्नतिको कामलाई गति दिनका लागि बेनी-जोमसोम सडकको बेनी-गलेश्वर खण्डमा सवारी चल्ने र बन्द हुने समयतालिका बनाइएको जिल्ला प्रशासन कार्यालय म्याग्दीले जनाएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी अर्जुन शर्माले आगामी फागुन १ देखि १५ गतेसम्म बिहान ६-८, दिउँसो ११:३० देखि १:३० र राति ८:३० देखि ११ बजेसम्म सडक स्तरोन्नतिका लागि यातायात आवतजावत बन्द गरिने जानकारी दिनुभयो।

एम्बुलेन्सलगायत अत्यावश्यक सवारीसाधनलाई सहज आवतजावत र साना सवारी डल्लेपिपल-राहुवडा-गलेश्वर वैकल्पिक मार्गको व्यवस्था मिलाइने भएको छ। सडक विस्तार र यातायात सञ्चालनसँगै हुँदा दुर्घटनाको जोखिम, यात्रुलाई सास्ती र निर्माणकार्य प्रभावित बनेपछि समयतालिका बनाएको उहाँले बताउनुभयो । निर्माण व्यवसायीले बेनी-जोमसोमु- कोरला सडक आयोजनामार्फत प्रशासनमा समयतालिकाको व्यवस्था मिलाउन निवेदन दिएका थिए । राष्ट्रिय गौरवको कालीगण्डकी करिडोर (बेनी-जोमसोम-कोरला) सडक आयोजनाले दुई किलोमिटर एक सय दुई मिटर दूरीको बेनी-गलेश्वर सडक विस्तार र कालोपत्र गर्न जय धन्नजय-मङ्गलादेवी-सुवास जेभीसँग रु १२ करोड २५ लाख ९४ हजार चार सय ३६ मा ठेक्का सम्झौता गरेको थियो। सम्झौतालगत्तै सडक फराकिलो बनाउन पहाड काट्ने र डिलतर्फ पर्खाल बनाउने कामलाई तीव्रता दिएको निर्माण कम्पनीका प्रतिनिधि सुवास कार्कीले बताउनुभयो।


## मादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
थुमाकोडाँडा, कास्की, गण्डकी प्रदेश, नेपाल

## आय ठेक्का व्यवस्थापन सम्बन्धी बोलपत्र पेश गर्ने वारेको सूचना

**तेस्रो पटक प्रकाशित मिति :२०७९/११/०१**

मादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थुमाकोडाँडा, कास्कीको तपशिल बमोजिमका विभिन्न स्थानहरुबाट नदिजन्य सामाग्री (घाटगद्दि) ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर आदिको बिक्री शुल्क संकलन प्रयोजनार्थ आय ठेक्का व्यवस्थापन सम्बन्धी बोलपत्र सार्बजनिक खरिद अनुगमन कार्यलयको ई-पोर्टल https://www.bolpatra.gov.np/egp मार्फत आह्वान गरिएकले ईच्छुक फर्महरुले यसै सूचना बमोजिम बोलपत्र पेश गर्न सकिनेछ।

**तपसिल:**

| बोलपत्र नं | घाटको विवरण | अधिकतम उत्खनन परिमाण (घ.मि.) | न्युनतम दर प्रति घन मिटर | न्युनतम रकम कर बाहेक रु. | धरौटि रकम रु. | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|---|
| 6/MRM/NCB/GHAT/079-80 | चित्रे ईदी दोभान घाट | १०७६०.४६ | ५०० | ५३८०२३०.०० | २६९५००.०० | ३०००.०० |
| 7/MRM/NCB/GHAT/079-80 | ईदी दोभान वार्दी दोभान | १००३८.८६ | ५०० | ५०१९४३०.०० | २५१०००.०० | ३०००.०० |
| 8/MRM/NCB/GHAT/079-80 | वार्दीदोभान रुदी दोभान घाट | ८९८७.६६ | ५०० | ४४९३८३०.०० | २२५०००.०० | ३०००.०० |
| 9/MRM/NCB/GHAT/079-80 | बिजयपुरखोला घाट(बाँया किनार) | ३०५१६.१२ | ५०० | १५२५८०६०.०० | ७६३०००.०० | ३०००.०० |

**बोलपत्र खरिद, दाखिला र खोल्ने मिति, समय र स्थान**

| बोलपत्र नं | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | | बोलपत्र दाखिला गर्ने मिति र समय | | बोलपत्र खोल्ने मिति र समय | |
|---|---|---|---|---|---|---|
| | मिति | समय | मिति | समय | मिति | समय |
| 6,7,8,9/MRM/NCB/GHAT/079-80 | २०७९/११/०७ | १२:०० | २०७९/११/०८ | १२:०० | २०७९/११/०८ | १३:०० |
| बोलपत्र फारम खरीद बापतको रकम जम्मा गर्ने बैंकको नाम | माछापुच्छ्रे बैंक, मादी-३ यांजाकोट शाखा खाता नं :- ०७९००५१४७२९०००८३ | | | मादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थुमाकोडाँडा, कास्की | | |
| धरौटी रकम जम्मा गर्ने बैंकको नाम | माछापुच्छ्रे बैंक, मादी-३ यांजाकोट शाखा खाता नं :- ०७९००५१४७२९०००११ | | | | | |

**नोट**: विस्तृत विवरण तथा खरिद संग सम्बन्धित शर्तहरु बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गरिएको छ।

**प्रमुख प्रशासकीय अधिकृत**